फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः ७ संख्याः १ मितिः २०८१/१२/०५

**भाग-२**

**फलेवास नगर कार्यपालिका**

# पशु स्वास्थ्य तथा पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

कार्यपालिकाबाट पारित मिति २०८१/१२/०५

नगर प्रमुखबाट प्रमाणित मिति २०८१/१२/०५

प्रस्तावना,

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको र यस फलेवास नगरपालिकाको मुख्य आर्थिक क्षेत्रको रुपमा रहेको पशुपन्छीपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको आर्थिक वृद्धि गर्न, स्वास्थ्यको दृष्टिकोण समेतबाट पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशुपन्छी तथा मत्स्य उत्पादन सामग्रीको स्वास्थ्यकर उत्पादन, बिक्री वितरण, उपभोग गर्ने सम्वन्धमा प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न, पशु स्वास्थ्य, पशु विकास तथा माछापालनमा विभिन्न समयमा संक्रमण तथा महामारीको रुपमा देखापरी ठुलो आर्थिक क्षति पुर्याउने रोगहरू अन्वेषण, अनुसन्धान, पहिचान, रोगथाम र नियन्त्रण गर्न, पशुपन्छी तथा मत्स्य उत्पादन वृद्धि गर्न तथा कृषकहरूको मागको आधारमा साझेदारी गरी पशुपन्छी तथा माछापालनबाट आयआर्जन वृद्धि गराउन यस फलेवास नगरकार्यपालिकाको स्वीकृत कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा फलेवास नगरकार्यपालिका कार्य सञ्चालन नियमावलीको अधिनमा रही यो कार्यविधि जारी गरीएको छ ।

## परिच्छेद १

**प्रारम्भिकः**

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम पशु स्वास्थ्य तथा पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ रहनेछ ।

ख. यो कार्यविधि फलेवास नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

ग. यसभन्दा पहिला यसै फलेवास नगरपालिकामा भएका पशु स्वास्थ्य तथा पशु विकास सम्बन्धी कार्यक्रमहरू पनि यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. 'आर्थिक विकास समिति' भन्नाले नगरपालिकाको आर्थिक विकास समितिलाई बुझिनेछ ।

ख. 'कार्यक्रम' भन्नाले यसै कार्यबिधि अनुसार नगर कार्यपालिकाको कार्यालयद्वारा सञ्चालित र अन्य निकायद्वारा सञ्चालित पशु स्वास्थ्य र पशु विकासको क्षेत्रसङ्ग सञ्चालित विभिन्न कार्यक्रमहरू भन्ने बुझिनेछ ।

ग. 'कार्यालय' भन्नाले फलेवास नगरकार्यपालिकाको कार्यालय भन्ने बुझिनेछ ।

घ. 'कार्यविधि' भन्नाले फलेवास नगगरपालिकाद्वारा तयार गरीएको पशु स्वास्थ्य तथा पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ सम्झनुपर्छ ।

ङ. 'नगर कार्यपालिका' भन्नाले फलेवास नगर कार्यपालिकालाई सम्झनुपर्नेछ ।

च. 'नगरपालिका' भन्नाले फलेवास नगरपालिका सम्झनुपर्छ ।

छ. 'फर्म, समूह, सहकारी' भन्नाले नगरपालिका कार्यक्षेत्र भएका विधिवत दर्ता भएका फर्म, समूह, सहकारी बुझिनेछ ।

ज. 'महाशाखा' भन्नाले नगरपालिकाको आर्थिक विकास महाशाखालाई बुझिनेछ ।

झ. 'वडा' भन्नाले नगरपालिका भित्रका सबै वडाहरूलाई बुझिनेछ ।

ञ. 'सञ्जाल' भन्नाले नगरपालिका भित्र गठित वा विभिन्न निकायमा दर्ता भई यस नगरपालिकामा सूचिकृत कृषि तथा पशुपालन सञ्जालहरू बुझिनेछ ।

ट. 'समिति' भन्नाले कुनै कार्यक्रम सञ्चालनका लागि गठन भरीएको कृषक समितिलाई जनाउँदछ । यो पहिल्यै गठन भएको तथा निश्चित उद्देश्यका लागि गठन गर्न सकिनेछ ।

ठ. 'सरोकारवाला' भन्नाले वडा समिति, विभिन्न कृषकहरू, कृषक समितिहरू, कृषक समूहहरू, फर्महरू र कार्यविधिको आधारमा कार्यान्वयन गरिने क्रियाकलापहरूसङ्ग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सरोकार राख्ने संस्था, व्यक्ती एवम् सरकारी निकाय र नगरपालिका समेत बुझिनेछ ।

ड. 'शाखा' भन्नाले पशु सेवा शाखालाई बुझिनेछ ।

**३. कार्यविधिका उद्देश्यहरूः**

क. यस नगरपालिका क्षेत्रभित्र पशुपन्छी, माछा विकास तथा स्वास्थ्य, आहारा विकासका लागि घाँस तथा बीउ उत्पादन, नर्सरी लगाएतको क्षेत्रलाई व्यावसायिक, मर्यादित र सम्मानजनक पेशाको रुपमा अगाडि बढाउन योगदान पुर्याउने ।

ख. नगरक्षेत्रभित्र सञ्चालन हुने पशुपन्छी विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुर्याउने,

ग. नगरपालिकाद्वारा स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनमा क्षमता विकास तथा सहजता ल्याउने,

घ. निजीफर्म, कृषक समूह, समिति, सहकारी, र कृषकहरू समेतलाई मागमा आधारित एवम् उत्पादनमा आधारित अनुदान लगायतका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने,

ङ. नगरपालिकाले विनियोजन गरेको विषय र बजेटको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

च. नगरपालिकाका वडाहरूमा पशु विकास तथा पशुपन्छी स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सघाउ पुर्याउने,

छ. कृषकहरूलाई आर्थिक सहयोग र क्षमता विकासका माध्ययमबाट नगरपालिकालाई दुध, फूल, मासु तथा माछामा आत्मनिर्भर गराई बजारीकरण तथा निर्यात गर्न मद्दत गर्ने,

ज. नगरबासीलाई रोजगारी सृजना गराई आयस्रोतमा वृद्धि गर्ने,

झ. नगरभित्रका उत्कृष्ठ कृषक सम्मान कार्यक्रम सञ्चालन गर्ने,

ञ. पशु स्वास्थ्य तथा पशु विकासको क्षेत्रमा कार्य सञ्चालन गर्ने सरकारी, गैह्रसरकारी तथा सामाजिक संघ संस्थाहरूसङ्ग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने,

ट. नगरसभा तथा कार्यपालिकाबाट निर्णय भएका कार्यक्रमहरू सञ्चालन गर्ने ।

## परिच्छेद २

## रणनीति तथा कार्यक्षेत्र

**४. रणनीतिहरूः**

क. स्थानीय स्तरमा कार्यक्रम कार्यान्वयन गर्ने निजी तथा संस्थागत रुपमा कार्यक्रम कार्यान्वयनमा जोड दिइने,

ख. स्थानीय श्रम, सिप, र स्थानीय स्रोतसाधनको परिचालनमा जोड दिइने,

ग. स्थानीय रुपमा कार्यक्रम कार्यान्वयनमा अपनत्व बढाइ प्रभावकारीता वृद्धि गरिने,

घ. नगरपालिकाका सबै बस्तीहरूमा कृषकहरू बीच आपसी विश्वास साझेदारी, समन्वय र सहकार्य गरी कार्यक्रममा जोड दिइने,

ङ. स्थानीय नश्लका बढी उत्पादनसिल पशुपन्छीहरूको संरक्षण सम्बर्द्धन गरिने,

च. व्यावसायिक पशुपालनको सम्भावना भएका क्षेत्रमा नश्लसुधारको माध्ययमबाट उन्नत पशुपालनमा जोड दिइने,

छ. स्थानीय तथा उन्नत घाँसखेतीमा कृषकहरूलाई आकृष्ट गराई उत्पादन र उत्पादकत्व बृद्धि गराउने ।

**५. कार्यक्षेत्रः**

क. नगरपालिकाका सबै वडाहरूमा कार्यक्रम कार्यान्वयनमा लागू गर्ने ।

ख. नगरपालिका मातहत रहेका सबै पशु सेवा केन्द्रहरू तथा सम्पर्क केन्द्रहरूबाट कार्यान्वयन गरिने कार्यक्रमहरू यसै कार्यविधि अनुसार सञ्चालन गर्ने ।

ग. नगरपालिकामा रहेका कृषक, समूह, सहकारी र अन्य सरोकारवालाहरूका लागि समेत यो कार्यविधि उपयोगी हुनेछ ।

**६. प्रदान गरिने अनुदान तथा सीमाः**

क. यस कार्यविधिको अधिनमा रही विभिन्न कार्यक्रमको उद्देश्य क्रियाकलाप मापदण्ड तथा प्राविधिक पक्षहरू अनुसार नगद, प्राविधिक, वस्तुगत तथा सबै रुपमा उपलब्ध गराउन सकिनेछ ।

ख. सार्वजनिक पूर्वाधार निर्माण तथा खरिदमा बढीमा १०० प्रतिशत सम्म हुनेछ ।

ग. कृषक समूह, सहकारी तथा समितिमार्फत लाभग्राही छनोट भएमा अधिकतम ८० प्रतिशतसम्म हुनेछ ।

घ. निजी पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी क्रियाकलापका लागि बढीमा ५० प्रतिशतसम्म हुनेछ ।

ङ. नयाँ प्रविधिको प्रचारप्रसार, शिविर सञ्चालन, भ्रमण, तालिम गोष्ठी, बीउबिजन र बिरुवा, रोग नियन्त्रणका कार्यक्रमहरूको हकमा बढीमा १०० प्रतिशतसम्म हुनेछ ।

च. उन्नत गाई, भैंसी, ब्याडे राँगा खरिदमा बढीमा २५०००। (पच्चिस हजार) सम्म साझेदारी हुनेछ ।

छ. पूर्वाधार निर्माण लगायतका पूँजीगत अनुदान कुनैपनि सरकारी निकायबाट प्राप्त गरेपछि ३ वर्षसम्म सोही प्रकारको अनुदान प्रदान गरिने छैन ।

ज. कृषकहरूको राहत कार्यक्रम टोल मुचुल्का, वडाको सिफारिस, घटनाको फोटो र प्राविधिकको सिफारिसको आधारमा उपलब्ध गराउन बाधा पर्नेछैन ।

झ. यस कार्यविधिको दफा ७ का कार्यक्रमहरू कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार सञ्चालन हुनेछन् ।

ञ. नगरसभा वा कार्यपालिकाबाट भएका निणयहरू कार्यान्यनमा यस कार्यविधिले कुनै बाधा पार्नेछैन ।

## परिच्छेद ३

## कार्यक्रम कार्यान्वयन तथा सञ्चालन

**फलेवास नगरपालिकाको पारित निती तथा कार्यक्रम र बजेटको परिधिभित्र रही कार्यक्रम सञ्चालन गरिने छ ।**

**क. प्रस्ताव सूचना**

यस फलेवास नगरपालिकाबाट पशुपालक कृषकहरूलाई प्रोहत्साहन गर्नका लागि प्रदान गरिने अनुदान कार्यक्रम आर्थिक विकास समितिले सिफारिस गरे अनुसार तथा एक निर्दिष्ट प्रस्ताव सूचना प्रकाशन गरी सोही बमोजिमका कागजातहरू र स्थलगत अनुगमन तथा मूल्याङ्कन गरी प्रदान गरिने छ ।

**७. कार्यक्रम सञ्चालन प्रकृयाः**

**७.१. प्रतिफलमा आधारित अनुदान कार्यक्रम**

**दुध :**

१. यस कार्यक्रमबाट नगरपालिकालाई दुधमा आत्मनिर्भर गराउनका लागि पशुपालनक कृषकहरूलाई प्रोहत्साहन गरी उत्पादन लागत कम गराउन व्यावसायिक फर्म, दुग्ध उत्पादक तथा संकलन सहकारीहरूलाई दाना तथा आहारा खरिदका लागि उत्पादन गरेको दुध लिटरको आधारमा कार्यपालिकाको निर्णय अनुसार अनुदान रकम उपलब्ध गराइनेछ ।
२. यस कार्यक्रम अन्तर्गत व्यावसायिक फर्म तथा समूह सहकारीको माध्ययमबाट बिक्री गरीएको दुधको उत्पादन तथा बिक्रीको प्रमाणित कागजातको आधारमा बजेट बाँडफाँड गरी त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रूपमा कृषकहरूको खातामा नै रकम उपलब्ध गराइनेछ ।
३. व्यावसायिक फर्म तथा समूह सहकारीहरूले यसै कार्यालयबाट प्रकाशित सूचना बमोजिमका आवश्यक कागजात सहित निवेदन पेश गर्नुपर्नेछ ।
४. दुग्ध उत्पादक सहकारीहरू तथा व्यावसायिक फर्महरूको नियमित स्थलगत अनुगमन गरिनेछ ।

**७.२. मासुमा आत्मनिर्भर कार्यक्रमः**

क. यस नगरपालिकालाई मासुजन्य पदार्थमा आत्मनिर्भर गराई कृषकहरूको आयश्रोत वृद्धि गराउन उनीहरूलाई पशुपालनमा आत्मनिर्भर गराउनका लागि विभिन्न वडामा यस कार्यक्रम सञ्चालन गरिने छ । यस कार्यक्रम अनुसार कृषकहरूलाई मासुमा आत्मनिर्भर गराउनका लागि कृषक, समूह, समिति मार्फत कार्यक्रम सञ्चालन गर्न साझेदारी गरिनेछ ।

१. कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन गर्ने र प्राप्त निवेदनको आधारमा अनुगमन र मूल्याङ्कन गरी कार्यक्रम सञ्चालन गरिने छ ।
२. कृषकहरूलाई सङ्गठित गराउन, कार्यक्रमको सामूहिक र दिगोपनका लागि प्रत्येक वडा समितिको बैठकले पशुविकास शाखाको उपस्थिति र नगरपालिकासङ्ग समन्वयमा कृषक छनोट गरी समूह गठन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
३. प्रत्येक कृषकहरूलाई साझेदारीमा खोर/गोठ निर्माण सुधार तथा पशु खरिदका लागि रकम उपलब्ध गराउने र एक समारोहमा हस्तान्तरण गर्न सकिनेछ ।
४. गुणस्तरीय उत्पादन तथा उत्पादन लागत कम गराउन विभिन्न प्रकारका उन्नत घाँसको बीउ तथा बिरुवाहरू वितरण गर्न सकिनेछ ।
५. कार्यक्रम सञ्चालन गर्ने कृषक, व्यावसायिक फर्महरूमा हुन सक्ने विभिन्न रोगहरूको सर्भिलेसन तथा आकस्मिक रोगको उपचार, आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण लगायतका कार्य सहित प्राविधिक सेवा टेवा प्रदान गरिनेछ ।
६. पशुबिमा अनिवार्य गर्नु पर्नेछ ।
७. सामूहिक रुपमा तालिम सञ्चालन गरिनेछ ।
८. कार्यक्रमको सार्वजनिक सुनुवाई गरी प्रभावकारिता अध्ययन मूल्याङ्कन समेत गरिनेछ ।
९. सङ्घ, प्रदेश र स्थानीय तहले संगै कार्यक्रम सञ्चालन गर्न समेत सकिनेछ ।
१०. नियमित रुपमा संघ प्रदेश र स्थानीय तहले सँगै तथा एकल रुपमा समेत अनुगमन गरिनेछ ।
११. अन्य विविध कार्यक्रम सञ्चालन गर्ने ।

**७.३. अण्डामा आत्मनिर्भर कार्यक्रम :**

क. नगरपालिकालाई अण्डा (फुल)मा आत्मनिर्भर गराई कृषकहरूको आयश्रोत वृद्धि गराउन उनीहरूलाई पशुपन्छीपालनबाट गरीबी न्यूनीकरण गराउनका लागि यस कार्यक्रम सञ्चालन गरिने छ ।

ख. यस कार्यक्रम अनुसार कृषकहरूलाई अण्डामा आत्मनिर्भर गराउनका लागि कृषक, समूह, समिति मार्फत ११ वटै वडामा सिमान्तकृत, विपन्न तथा दलित कृषकहरूलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्न कृषकहरूसङ्ग साझेदारी गरिने छ ।

१. कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन गर्ने र प्राप्त निवेदनको आधारमा अनुगमन र मूल्याङ्कन गरी कार्यक्रम सञ्चालन गरिने छ ।

२. कृषकहरूलाई सङ्गठित गरी कार्यक्रमको दिगोपनका लागि प्रत्येक वडामा कृषकहरूको समूह गठन गरी अभिमुखिकरण गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

३. खोर निर्माण तथा सुधारका लागि साझेदारीमा काम गर्न प्रति कृषक अनुदान उपलब्ध गराउन सकिनेछ ।

४. कृषकहरूलाई दोहोरोपन नहुने गरी राष्ट्रिय पशु प्रजनन कार्यालय तथा अन्य सम्भावित स्थानबाट कुखुराका माउ तथा चल्ला खरिद गरी निःशुल्क वितरण गर्न सकिनेछ । चल्लालाई आवश्यकता अनुसार ब्रुडिङ समेत गरिने छ ।

५. कृषकहरूलाई तालिम सञ्चालन गरी कुखुरापालनमा क्षमता विकास गरिने छ ।

६. कार्यक्रम सञ्चालन गर्ने कृषक, व्यावसायिक फर्महरूमा हुन सक्ने विभिन्न रोगहरूको अन्वेषण तथा आकस्मिक रोगको उपचार, आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण लगायतका कार्य सहित प्राविधिक सेवा टेवा प्रदान गरिनेछ ।

७. कुखुरा हुर्काउनका लागि आवश्यक दाना, औषधी, खाद्यपुरक तथा मल्टिभिटामिनहरू समेत निःशुल्क उपलब्ध गराउन सकिनेछ ।

८. कार्यक्रमको सार्वजनिक सुनुवाई गरी प्रभावकारिता अध्ययन मूल्याङ्कन समेत गरिनेछ ।

९. नियमित रुपमा संघ प्रदेश र स्थानीय तहले संयुक्त र एकलरुपमा समेत अनुगमन गरिनेछ ।

१०. आवश्यकीय अन्य कार्यक्रमहरू सञ्चालन गर्ने ।

**७.४. पशु स्वास्थ्य तथा प्रयोगशाला सेवा**

**क. पशु स्वास्थ्यका लागि निःशुल्क औषधी वितरणः**

१. नगरपालिकाका कृषकहरूले पालेका विभिन्न पशुपन्छीहरूमा लाग्न सक्ने संभावित पशुपन्छी रोगशरूको नियन्त्रण, रोगथाम र उपचारका लागि आवश्यकीय पशुपन्छीजन्य औषधीहरूको खरिद गरी कृषकहरूलाई निःशुल्क वितरण गरिनेछ ।

**७.५. एक वडा एक प्राविधिक व्यवस्थापनः**

क. नगरपालिकामा कार्यरत एक वडा एक प्राविधिकहरूका लागि सहायक चौंथो तहको तलब यसै कार्यक्रमबाट व्यवस्थापन गर्ने ।

**७.६. स्थलगत थुनेलो रोग नियन्त्रण कार्यक्रमः**

व्यावसायिक रुपमा दर्ता भई कृषकहरूले पशुपालन गरीरहेका छन् । बढ्दो व्यवसायीक पशुपालन सँगै उन्नत गाई भैंसीमा व्यापक रुपमा थुनेलो रोग देखा पर्ने र दुध उत्पादनलाई निकै नै असर पुर्याउने भएकोले उक्त रोगको नियन्त्रणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नु नगरपालिकाको दायित्व रहन्छ । यस कार्यक्रम तपसिल बमोजिम सञ्चालनका गरिनेछ ।

१. पशु सेवा केन्द्र, सम्पर्क केन्द्रहरूबाट नियमित रुपमा तथा कृषकहरूको गोठमा नै गई थुनेलो रोग नियन्त्रणका लागि स्थलगत शिविर सञ्चालन गरी रोगको निदान गर्ने र उपचार गर्न सकिनेछ ।
२. गोठ देखि ओठसम्म शुद्धता अभियान सञ्चालन गरी कृषकहरूलाई थुनेलो रोग सम्वन्धी सचेतना गरिनेछ ।
३. थुनेलो रोग नियन्त्रणका लागि आवश्यक अन्य कार्यक्रम सञ्चालन गरिनेछ ।

७.७. **आहारा विकास कार्यक्रम** :

पशुपालनको उत्पादन लागत कम गराउन तथा पशुवस्तुलाई वर्षभरी नै हरियो घाँस खुवाई गुणस्तरीय र एकनासे उत्पादन लिन सक्ने बनाउनका लागि घाँसमा आधारित पशुपालन एकदमै महत्वपूर्ण हुन्छ । यसै कुरालाई मध्यनजर गर्दै यस नगरपालिकाले तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१. कृषकलाई मौसमअनुसार घाँसको बीउ तथा बेर्नाहरू निःशुल्क उपलब्ध गराई आहारा विकासको कार्यक्रम सञ्चालन गरिने छ ।
२. प्रथम चौमासिकमा बर्षिम, जै तथा भेच लगायतका घाँसको बीउ, दोस्रो चौमासिकमा सुडान टियोसेन्टी, बाजरा लगायतका घाँसको बीउ तथा तेस्रो चौमासिकमा बहुवर्षिय स्टाईलो घाँसको बीउ तथा अन्य भुइघाँस तथा डालेघाँसको बीउ, सेट, बिरुवाहरूको माग संकलन गरी खरिद गर्ने र कृषकहरूलाई निःशुल्क वितरण गर्न सकिनेछ ।
३. नगरपालिकालाई पशु आहारा तथा नर्सरीमा आत्मनिर्भर गराउनका लागि आवश्यक अन्य कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**७.८. आकश्मिक रोग नियन्त्रण** :

१. नगरपालिकामा व्यावसायिक पशुपालनको वृद्धि संगै पशु वस्तुहरूमा बढ्न सक्ने लम्पी स्किन, रेबिज, पिपिआर, खोरेत, रानीखेत, अफ्रिकन स्वाईन फिभर लगायतका महामारीजन्य रोगहरूको नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्न तथा रोग नियन्त्रणका लागि आवश्यक औषधीहरू रसायनहरू खरिद गर्ने तथा स्थालगत रुपमा प्राविधिकको व्यवस्थापन गर्ने ।
२. अकस्मात देखा पर्ने संक्रमणबाट पशुवस्तुहरूमा हुने क्षती कम गर्नका लागि आवश्यकीय कार्यक्रमहरू सञ्चालन गरिने छ ।

३. रोगको सर्भिलेसन गर्ने, नमुना संकलन गरी परिक्षणका लागि पठाउने, आकस्मिक उपचार गर्ने ।
४. रोगको नियन्त्रणका लागि सूचना संप्रेषण, प्रचारप्रसार तथा स्थलगत जनचेतनाको कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
५. रोग नियन्त्रणका लागि आवश्यकिय अन्य कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**७.९. प्रयोगशाला सञ्चालन कार्यक्रम :**

१. नगरपालिकामा आधारभूत प्रयोगशाला तथा वडाहरूमा रहेका प्रयोगशाला सञ्चालनका लागि आवश्यक रसायन, सामग्रीहरू खरिद गर्ने।
२. स्थलगत रुपमा रोगको पहिचानका लागि नमुना संकलन गर्ने, परिक्षण गर्ने तथा थप परिक्षण आवश्यक परेमा पशुपन्छी रोग अन्वेषण प्रयोगशाला पोखरा, पन्छिरोग अन्वेषण प्रयोगशाला चितवन तथा केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला काठमाडौं प्रेषण गर्ने ।

**७.१०. पशु स्वास्थ्य शिविरः**

१. नगरपालिकाका विभिन् वडाहरूमा निःशुल्क पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर सञ्चालन गरिनेछ ।
२. पशुपालनसङ्ग सम्वन्धीत विभिन्न दिवसहरूको अवसर पारेर विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

**७.११. तालिम तथा भ्रमण :**

१. यस कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका व्यावसायिक तथा विषयगत कृषकहरूका लागि समस्यामा आधारित तालिम सञ्चालन गरिनेछ । जसमा वडाहरूमा नै कृषकहरू छनोट गरी तालिम सञ्चालन गर्न पनि सकिनेछ ।
२. कृषकहरूका लागि क्षमता विकास गर्न तथा पशुपन्छी तथा मत्स्य विकास गर्नका लागि नगरपालिका स्तरीय तालिम सञ्चालन गरिनेछ ।
३. कृषकहरूलाई नयाँ प्रविधिको जानकारी गराउन अन्य पालिका र स्थानका व्यावसायिक फर्महरूमा भएका असल पशुपालन अभ्यासको अध्ययन अवलोकनका लागि प्राविधिक, कृषक भ्रमण गराइनेछ ।

**७.१२. कृषि तथा पशुविकाश शाखा सञ्चालन तथा व्यवस्थापन :**

१. कृषि र पशु सेवा शाखा तथा विभिन्न सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक सामाग्रहरूको खरिद तथा आवश्यक अन्य कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
२. कृषि,पशुसेवाका कार्यक्रमहरूको प्रभावकारिता अध्ययन तथा समीक्षा गरिनेछ ।
३. शाखा सञ्चालनका लागि आवश्यक अन्य विविध कार्यका साथै विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**७.१३. मागको आधारमा साझेदारीः**

१. यस कार्यक्रम अन्तर्गत कृषकहरूले पशुपन्छी पालन गर्दा भए गरेका आफ्ना समस्याहरू समाधानका लागि आवश्यकीय सामग्रीहरू लगायतका कार्यक्रमहरू माग गर्न सक्नेछन् ।

२. यसरी प्राप्त मागको आधारमा पशु विकास शाखाको अनुगमन तथा मूल्याङ्कन र सिफारिसको आधारमा कृषकहरूको माग सम्बोधन गर्न सकिनेछ ।
३. साना पशुपन्छी फर्म, भकारो सुधार, खोर/गोठ निर्माण/सुधार, मासु पसल तथा माछापालन गर्नका लागि कृषकहरूको मागका आधारमा संभाव्यता अध्ययन गरेर अनुदान प्रदान गर्न सकिनेछ ।
४. पशुपन्छी तथा माछापालनका माध्ययमबाट गरीबी निवारण गराउनका लागि आवश्यकीय अन्य कार्य सञ्चालन गरिनेछ ।

**७.१४. पशुपन्छी तथा मत्स्यपालन कृषक राहात कार्यक्रमः**

१. यस कार्यक्रम अनुसार कृषकहरूले पालेका पशुवस्तुहरूको उपचारको क्रममा मृत्यू भएमा वा आकस्मिक मृत्यु भएमा टोल मुचुल्का, वडा कार्यालयको सिफारिस, प्राविधिकको सिफारिस पशुवस्तुको फोटाहरू लगायतका कागजातहरू राखि बाख्राको हकमा बढीमा ५०००।(पाँच हजार), गाई भैंसीको हकमा बढीमा १५०००। (पन्ध्र हजार) सम्म तथा गोरूको हकमा बढीमा १००००।- (दश हजार) सम्म राहात उपलब्ध गराउन सकिनेछ ।
२. विपन्न कृषकहरूले पालीराखेका पशुवस्तुहरू थुनेलो, पाठेघर फर्कने, बच्चा अल्झने, दुर्घटनाजन्य कारणहरूबाट बिरामी भई उपचारका क्रममा धेरै रकम खर्च हुने भएमा आवश्यकता तथा औचित्यका आधारमा बढीमा १००००।- (दश हजार) सम्म उपचार गरेको प्रिष्क्रेप्सन, पशु सेवा शाखाको सिफारिसमा औषधी तथा प्राविधिक खर्च रकम प्रदान गर्न सकिनेछ ।
३. पशुपन्छीपालन तथा माछापालनका लागि आवश्यकीय अन्य कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**७.१५. कृषि तथा पशुवस्तुको मुल्यशृङ्खला परियोजनामा साझेदारी कार्यक्रम** ः

१. यस कार्यक्रम अन्तर्गत कृषि, पशुसेवा तथा विकासको क्षेत्रमा कार्यक्रमहरू सञ्चालन गर्ने विभिन्न कृषकहरू, व्यावसायिक फर्महरू, समूहहरू, समितिहरू, सहकारीहरू, सामाजिक संघसंस्थाहरूसङ्ग समन्वय गरी यसै नगरपालिका भित्र विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
२. यो कार्यक्रम फलेवास नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७९ तथा फलेवास नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यीबिधि, २०७९ को अधिनमा समेत रही सञ्चालन गरिनेछ ।
३. एक घर एक कृषक कार्यक्रम सञ्चालन गर्न तथा नगरसभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्न यस कार्यबिधिले बाधा पर्ने छैन ।
४. अनुगमन तथा निर्देशन समितिः

   यस कार्यक्रम सञ्चालनका लागि तपसिल बमोजिमको निर्देशन समिति रहनेछ ।

- नगर प्रमुखः — संयोजक
- नगर उपप्रमुखः — सदस्य
- प्रमुख प्रशासकीय अधिकृतः — सदस्य सचिव
- आर्थिक विकास समिति संयोजकः — सदस्य

- लेखा शाखा प्रमुखः सदस्य
- योजना शाखा प्रमुखः सदस्य
- कृषि विकास शाखा प्रमुखः सदस्य
- पशु विकास शाखा प्रमुखः सदस्य
- सम्वन्धीत वडा अध्यक्षः सदस्य

५. सञ्चालन हुने कार्यक्रम

१. बाख्रापालन
२. गाईपालन
३. भैंसीपालन
४. भकारो सुधार
५. डेरी सुधार
६. साना सिंचाई
७. काँक्राखेती
८. गोलभेंडा खेती
९. तरकारी खेती
१०. कृषि तथा पशुपालनका आयआर्जनका कार्यक्रमहरू
११. कृषि तथा पशुपालन सम्वन्धी यान्त्रीकरण
१२. कृषि मेला प्रदर्सनी तथा हाटबजार सञ्चालन

६. यस कार्यक्रम सञ्चालनका लागि थप कार्यक्रम तथा सञ्चालन प्रकृया निर्देशन समितिबाट पास गरी शुरुवात गरिनेछ ।

७. कार्यक्रममा सञ्चालन गर्न ऐन कानुन तथा कार्यविधिले असहज भएमा कार्यपालिकाको निर्णय अनुसार कार्यक्रम सञ्चालन गर्दै जाने र सो निर्णय नगरसभाबाट अनुमोदन गर्ने ।

**७.१६ संघ तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान तर्फका कार्यक्रमहरू नेपाल सरकार कृषि तथा पशुपन्छी मन्त्रालयबाट प्राप्त कार्यविधिको अधिनमा रही सञ्चालन गरिनेछ । यदी कार्यबिधि प्राप्त नभएमा यसै कार्यबिधि अनुसार कार्य सञ्चालन गर्न बाधा पर्नेछैन ।**

**८. विविधः**

यस कार्यविधिले नसमेटिएका विषयमा नगर कार्यपालिकाको निर्णय तथा प्रचलित कानुन अनुसार हुनेछ ।

## अनुसूची १

## प्रतिफलमा आधारित अनुदान कार्यक्रम सञ्चालनका लागि सूचनाको नमुना

**सूचना !　　　　　　सूचना ! !　　　　　　सूचना ! !　!**

प्रथम पटक प्रकाशित मिति : २०८ /　/

श्री सबै दुग्ध उत्पादन गर्ने सहकारी संस्था लि तथा व्यावसायिक फार्महरू,
फलेवास नगरपालिका, पर्वत ।

यस नगरपालिकाको आ.व .............को स्वीकृत प्रतिफलमा आधारित अनुदान कार्यक्रम (दुध) अनुसार यसै नगरपालिकामा रहेका सहकारी संस्थाहरू तथा व्यावसायिक फार्महरूले संकलन तथा बिक्री गरेको दुधको आधारमा दाना खरिदका लागि प्रति लिटर दुधको रु ........... अक्षरुपी .................................. को दरले प्रतिफलमा आधारित अनुदान वितरण गर्ने कार्यक्रम रहेकोले यसै नगरपालिका भित्र रहेका दुध संकलन एवम् बिक्री गरेका सहकारी तथा फर्महरूलाई आ. व. ....................... को ................. महिना देखि .................... महिना सम्मको अनुदान रकम कृषकको खातामा नै हस्तान्तरण गर्ने कार्यक्रम रहेकोले तपसिल बमोजिमको कागजात संलग्न राखी ७ (सात) दिन भित्र दुध सङ्कलनको तथ्याङ्क उपलब्ध गराउनुहुन यो सूचना प्रकाशन गरीएको छ ।

**<u>तपसिल</u>**

१. संस्था तथा फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. स्थायी लेखा नम्बर तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. संस्था कार्यसमितिको निर्णयको प्रमाणित प्रतिलिपि ।
४. सम्वन्धीत वडा कार्यालयले दुध लि. खुलाएको सिफारिस पत्र ।
५. दुध बिक्री गरेको प्रमाणित कागजात ।
६. दाना चापट खरिदको सक्कल बिल ।
७. दुधको उत्पादन तथा संकलन तथ्याङ्क खुल्ने कागजात वडाबाट अनिवार्य प्रमाणित गर्नुपर्नेछ ।
८. सबै सदस्यहरू स्वयमको बैङ्क खाता नं अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।
९. यसै शाखाबाट उपलब्ध गराइएको फर्मेटमा कृषकको दुध संकलन विवरण भरी अनिवार्य पठाउनुपर्नेछ ।

म्याद नाघेर आएमा तथा कृषकहरूको खाता नं उपलब्ध नगराएमा रकम भुक्तानी नहुने जानकारी गराइन्छ ।

थप जानकारीका लागि पशुपन्छी विकास शाखा, पशुसेवा केन्द्र तथा सम्पर्क केन्द्रमा सम्पर्क गर्नुहोला ।

## अनुसूची २

फलेवास नगरपालिकाबाट सञ्चालन हुने पशुसेवा शाखाका कार्यक्रमहरूका लागि प्रकाशन गरिने सूचनाको नमुना

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

# सूचना ! सूचना ! ! सूचना ! ! !

प्रथम पटक प्रकाशित मिति : २०८ / /

यस कार्यालयको आ.व. ........... को स्वीकृत ............................ कार्यक्रम पशु स्वास्थ्य तथा पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ को अधीनमा रही ................................ कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले ......... दिनभित्र यस कार्यालयमा तपसिल बमोजिमका कागजातहरु सहित पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | स्वीकृत बजेट | न्यूनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १ | | | • | |

**संलग्न हुनुपर्ने कागजातहरुः**

१. निवेदन,
२. नेपाली नागरिकताको प्रमाणपत्र,
३. वडा कार्यालयको सिफारिसपत्र,
४. संस्थाको हकमा दर्ता, नवीकरण, करचुक्ता, विगत वर्षको लेखा परिक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमतिपत्र (अनुमतिपत्र लिनु पर्नेको हकमा),
५. स्थायी लेखा नम्बर,
६. समूह, सहकारीले कृषक छनोट गरेको निर्णयको प्रतिलिपि,
७. संस्था, समूह, सहकारी कालोसूचीमा नपरेको स्वघोषणापत्रको सक्कल प्रति,
८. कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल),
९. विगत तिन वर्षमा सोही प्रकृतीको अनुदान नलिएको स्वघोषणापत्र ।

म्याद नाघेर आएमा वा रितपूर्वक प्राप्त हुन नआएका निवेदनमाथि कामकारवाही गरिनेछैन ।
थप जानकारीका लागि पशुपन्छी विकास शाखा, पशुसेवा केन्द्र तथा सम्पर्क केन्द्रमा सम्पर्क गर्नुहोला ।

## अनुसूची ३

कार्यक्रम सञ्चालन गर्न इच्छुक समूह, सहकारी तथा निजी फर्महरूले पेश गर्ने निवेदनको नमुना

मितिः ..........

श्री फलेवास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
गण्डकी प्रदेश, नेपाल ।

विषयः **कार्यक्रम सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा फलेवास नगरपालिकाको आ.व. .................... को स्वीकृत कार्यक्रम अनुसार ...................................... कार्यक्रम सञ्चालन गर्नका लागि तपसिल बमोजिमका कागजातहरू सहित उयो निवेदन पेश गरेको छु ।

निवेदन

नामः
ठेगानाः
सम्पर्क नः
दस्तखतः

संलग्न गरिएका कागजातहरू:

१. निवेदन,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३. वडा कार्यालयको सिफारिस
४. संस्थाको हकमा दर्ता, नवीकरण, करचुक्ता, विगत वर्षको लेखा परिक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
५. स्थायी लेखा नम्बर,
६. समूह, सहकारीले कृषक छनोट गरेको निर्णयको प्रतिलिपि,
७. संस्था, समूह, सहकारी कालो सूचीमा नपरेको स्वघोषणा सक्कलपत्र,
८. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल),
९. विगत चार वर्षमा सोहि प्रकृतिको अनुदान नलिएको स्वघोषणापत्र।

फारम १: संस्थाको विवरण

| क.स | विवरणहरु | विस्तृत जानकारी | |
|---|---|---|---|
| १. | संस्थाको नाम | | |
| २. | संस्थाको ठेगाना | | |
| ४. | संस्थाको लक्ष्य र उद्देश्य | | |
| ५. | कार्यगत क्षेत्रहरु<br>(विधान अनुसार) | १.<br>२. | |
| ६. | भौगोलिक क्षेत्र जिल्ला/गाँउपालिका/नगरपालिकाहरु (विधान अनुसार) | | |
| ७. | सम्पर्क ठेगाना र सम्पर्क व्यक्ति | ठेगानाः<br>सम्पर्क व्यक्तिको नाम<br>सम्पर्क व्यक्तिको पद<br>सम्पर्क नम्बर<br>इमेल ठेगाना | |
| ८. | दर्ता विवरण | दर्ता नं. | |
| | | दर्ता मिति | |
| | | दर्ता गर्ने निकायको नाम | |
| | | पछिल्लो नविकरण मिति | |
| | | आबद्धता मिति | |
| | | नविकरण मिति | |
| १०. | PAN दर्ता नम्बर र मिति | PAN दर्ता नम्बर<br>PAN दर्ता मिति | |
| ११. | कर चुक्ता प्रमाणपत्र | छ/छैन<br>कर चुक्ता गरेको पछिल्लो आर्थिक बर्षः | |

आज्ञाले,
कृष्ण प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत